कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मितिः २०८१/०२/०६

पत्र संख्या : २०८०/०८१ (शा.सु./योजना) चलानी नम्बर : 2609

विषयः आर्थिक वर्ष २०८१/०८२ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना सिफारिस गर्ने सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
कर्णाली प्रदेश।

प्रस्तुत विषयमा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन हुने आयोजनाहरू छनौट तथा सिफारिस गर्ने सम्बन्धमा देहाय अनुसार मिति २०८१/०२/१५ गते भित्र आयोजना सिफारिस गरी पठाउनु हुन मिति २०८१/०२/०६ (मा. मुख्यमन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ।

देहायः

१. प्रत्येक स्थानीय तहहरूलाई वडागत रुपमा अधिकतम बजेट सीमा (मुगु, हुम्ला र डोल्पाका वडाका लागि प्रति वडा २० लाख र अन्य जिल्लाका वडाका लागि प्रति वडा १५ लाख) रहेकाले सोही बजेट सीमा भित्र रही आयोजना सिफारिस गर्ने।

२. प्रत्येक वडाले माथि बुँदा नं. १ बमोजिमको बजेट सीमाभित्र रही (हुम्ला, मुगु र डोल्पाको हकमा अधिकतम २० लाख लागतका र अन्यमा अधिकतम् १५ लाख लागत भएका) वडा बासीहरूको आम भेलाबाट माग भएका योजनाहरू मध्येबाट वडा समितिको निर्णय सहित एक वटा आयोजना (प्रति वडा) छनौट गरी सम्बन्धित स्थानीय तहमा पठाउने।

३. सम्बन्धित स्थानीय तहले वडाबाट प्राप्त आयोजना रुजु गरी कार्यपालिकाको निर्णय सहित आफ्नो स्थानीय तह अन्तर्गतका सबै वडाको आयोजना एकीकृत गरी प्रति वडा एक वटा आयोजनाका दरले (वडाबाट आएको भन्दा फरक आयोजना समाबेश गरी पठाउन पाइनेछैन) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजनाहरु पठाउँदा cmep.karnali.gov.np मार्फत प्रविष्टी गरी वडा र कार्यपालिकाको निर्णय तथा पत्र र आयोजना संशोधन माग नगरिने प्रतिवद्वता पत्र समेत अनिवार्य अपलोड गर्नुपर्नेछ।

५. स्थानीय तहबाट प्राप्त आयोजना मध्येबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोजना छनौट गरी कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा सशर्त अनुदानको रूपमा पठाउनेछ।

युवराज न्यौपाने
शाखा अधिकृत

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२ Web : www.ocmcm.karnali.gov.np, email : ocmcmkarnali@gmail.com

पत्र संख्या : २०८०/०८१ (शा.सु./योजना) चलानी नम्बर : 2609

६. आयोजना सिफारिस गर्दा देहाय अनुसार विषयक्षेत्र मध्येबाट गर्नुपर्नेछ।

देहायः-

| क्र.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामाग्री खरिद (अधिकतम) |
| १ | उत्पादन मूलक उद्योग स्थापना र सञ्चालन | ५० | ५० |
| २ | कृषि (सामुहिक तथा सहकारी खेती) उत्पादन/संकलन/प्रशोधन | ६० | ४० |
| ३ | सतह तथा भूमिगत सिंचाई | ६० | ४० |
| ४ | खानेपानी | ६० | ४० |
| ५ | तालतलैया, जलाशय, पानी सङ्कलन पोखरी | ७० | ३० |
| ६ | सडक स्तरोन्नती तथा सडकमा पक्की नाला/ढल/पेटी | ५० | ५० |
| ७ | खेलमैदान | ७० | ३० |
| ८ | विद्यालयका ढुङ्गा वा इट्टाका पर्खाल | ५० | ५० |
| ९ | पर्यटन पूर्वाधार | - | - |
| | ९.१ पदमार्ग | ७० | ३० |
| | ९.२ पर्यटन विश्राम स्थल | ७० | ३० |
| | ९.३ सामुदायिक भवन | ६० | ४० |
| | ९.४ सिडीहरू | ६० | ४० |
| १० | स्वास्थ्य भवन | ५० | ५० |
| ११ | लघु जलविद्युत | ५० | ५० |
| १२ | पानी घट्ट तथा घट्ट कुलो | ७० | ३० |

७. आयोजना सिफारिस गरी पठाउँदा कार्यालयको पत्रसाथ CMEP Portal (cmep.karnali.gov.np) मार्फत अनिवार्य प्रविष्टी गरी पठाउनु पर्नेछ।

८. पारिश्रमिक तर्फको बजेट आयोजनामा काम गर्ने श्रमीक (बेरोजगार) हरुको व्यक्तिगत बैंक खातामा उनीहरुले काम गरेको पारिश्रमीक/ज्याला रकम अनिवार्य रुपमा जम्मा हुने प्रवन्ध मिलाउनु पर्नेछ।

९. स्थानीय तहले आयोजना प्रास्ताव गर्दा देहाय बमोजिमको ढाँचामा गर्ने।

युवराज न्यौपाने
शाखा अधिकृत

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : २०८०/०८१ (शा.सु./योजना) चलानी नम्बर : 2607

देहायः

स्थानीय तहको नामः-

| क्र. सं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन गरिने | | लागत रुपैयाँ (हजारमा) सहभागिता | | | | | लाभान्वित संख्या | कार्यान्वयन गर्न लाग्ने समयावधि | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | स्थान | संघ | प्रदेश | स्थानीय तह | अन्य | जम्मा | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

१०. आयोजना छनौट सम्बन्धी थप ढाँचा, समयसीमा तथा जानकारीको लागि cmep.karnali.gov.np वा ocmcm.karnali.gov.np मा गइ आगामी आर्थिक वर्ष २०८१/०८२ को मुख्यमन्त्री रोजगार कार्यक्रम छनौट प्रक्रिया डाउनलोड गरी हेर्न सक्नुहुनेछ।

युवराज न्यौपाने
शाखा अधिकृत

सादर अवगतार्थः

मा.मुख्यमन्त्रीज्यूको निजी सचिवालय,
श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय,
कर्णाली प्रदेश, सुर्खेत।

बोधार्थः

श्री सूचना प्रविधि तथा समन्वय शाखाः कार्यालय र मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन सूचना प्रणलीको वेवसाइटमा अपलोड गर्नुहुन।

# कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## मुख्यमन्त्री रोजगार कार्यक्रम छनौट प्रक्रिया
## (आर्थिक वर्ष २०८१/०८२ का लागि)

१. प्रत्येक स्थानीय तहहरूलाई वडागत रुपमा अधिकतम बजेट सीमा (मुगु, हुम्ला र डोल्पाका वडाका लागि प्रति वडा २० लाख अन्य जिल्लाका वडाका लागि प्रति वडा १५ लाख) तोकी स्थानीय तहहरूलाई आयोजना सिफारिस गर्न लेखि पठाउने।

२. प्रत्येक वडाले माथि बुँदा नं. १ बमोजिमको बजेट सीमाभित्र रही (हुम्ला, मुगु र डोल्पाको हकमा अधिकतम २० लाख लागतका र अन्यमा अधिकतम् १५ लाख लागत भएका) वडा बासीहरूको आम भेलाबाट माग भएका योजनाहरू मध्येबाट वडा समितिको निर्णय सहित एक वटा (प्रति वडा) आयोजना छनौट गरी सम्बन्धित स्थानीय तहमा पठाउने।

३. सम्बन्धित स्थानीय तहले वडाबाट प्राप्त आयोजना रुजु गरी कार्यपालिकाको निर्णय सहित आफ्नो स्थानीय तह अन्तर्गतका सबै वडाको आयोजना एकीकृत गरी प्रति वडा एक वटा आयोजनाका दरले (वडाबाट आएको भन्दा फरक आयोजना समाबेश गरी पठाउन पाइनेछैन) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. स्थानीय तहबाट प्राप्त आयोजनामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्बन्धित स्थानीय तहमा सशर्त अनुदानको रूपमा बजेट पठाउने।

५. कुनै स्थानीय तहबाट रितपूर्वक आयोजना प्राप्त नभएमा वा स्थानीयतहहरूले आयोजना पठाएकोमा वा स्थानीय तहले आयोजना नै प्रस्ताव नगरेको खण्डमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्थानीय तहहरूसँग पुनः माग गरी आयोजना छनौट गर्न सक्नेछ।

६. बुँदा नं. ४ र ५ बमोजिमको आयोजना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश मन्त्रालयगत बजेटमा सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रममा समावेश गर्ने गरी अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदानको रुपमा सम्बन्धित स्थानीय तहमा आयोजना तथा बजेट पठाउने व्यवस्था मिलाउनेछ।

७. यसरी आयोजना छनौट गर्दा देहाय बमोजिमको समयसिमाको आधारमा गर्ने।

| क्र.सं. | छनौट सम्बन्धी कार्य | जिम्मेवारी | समय सीमा |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा म.प.कार्यालयले सबै स्थानीय तहहरूलाई आयोजना छनौटको बारेमा जानकारी गराउने। | मुख्यमन्त्री तथा म.प.कार्यालय (योजना अनुगमन तथा आर्थिक पूर्वाधार शाखा) | २०८१ जेष्ठ ०६ गते भित्र |
| २ | स्थानीय तहहरूबाट आयोजना छनौट सम्बन्धमा वडालाई जानकारी गराउने | सम्बन्धित स्थानीय तह | स्थानीयतहहरूले जानकारी प्राप्त गरेको ३ (तीन) दिनभित्र |
| ३ | वडाले आयोजना छनौट गरी सम्बन्धित स्थानीयतहहरूमा पठाउने | वडा कार्यालय | २०८१ जेष्ठ १२ गतेदेखि |
| ४ | स्थानीय तहहरूले आयोजना छनौट गरी | सम्बन्धित स्थानीय तह | २०८१ जेष्ठ १५ |



युवराज न्यौपाने
शाखा अधिकृत

| क.सं. | छनौट सम्बन्धी कार्य | जिम्मेवारी | समय सीमा |
| --- | --- | --- | --- |
| | मुख्यमन्त्री तथा म.प.कार्यालयमा सिफारिस गरी पठाउने | | |
| ६ | निर्देशक समितिले आयोजना छनौट गर्ने तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले PLMBIS मा Entry गरी प्रमाणित गर्ने | मुख्यमन्त्री तथा म.प.कार्यालय | २०८१ जेष्ठ २५ गतेभित्र |

८. आयोजना सिफारिस गर्दा देहाय अनुसार गर्नेः-

| क.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
| --- | --- | --- | --- |
| | | पारिश्रमिक (न्युनतम) | सामाग्री खरिद (अधिकतम) |
| १ | उत्पादन मूलक उद्योग स्थापना र सञ्चालन | ५० | ५० |
| २ | कृषि (सामुहिक तथा सहकारी खेती) उत्पादन/संकलन/प्रशोधन | ६० | ४० |
| ३ | सतह तथा भूमिगत सिंचाई | ६० | ४० |
| ४ | खानेपानी | ६० | ४० |
| ५ | तालतलैया, जलाशय, पानी सङ्कलन पोखरी | ७० | ३० |
| ६ | सडक स्तरोन्नती तथा सडकमा पक्की नाला/ढल/पेटी | ५० | ५० |
| ७ | खेलमैदान | ७० | ३० |
| ८ | विद्यालयका ढुङ्गा वा इट्टाका पर्खाल | ५० | ५० |
| ९ | पर्यटन पूर्वाधार | - | - |
| | ९.१ पदमार्ग | ७० | ३० |
| | ९.२ पर्यटन विश्राम स्थल | ७० | ३० |
| | ९.३ सामुदायिक भवन | ६० | ४० |
| | ९.४ सिडीहरू | ६० | ४० |
| १० | स्वास्थ्य भवन | ५० | ५० |
| ११ | लघु जलविद्युत | ५० | ५० |
| १२ | पानी घट्ट तथा घट्ट कुलो | ७० | ३० |

९. आयोजना संकलन cmep.karnali.gov.np मार्फत गर्नु पर्ने।

१०.स्थानीय तहले आयोजना प्रास्ताव गर्दा देहाय बमोजिमको ढाँचामा गर्ने।

युवराज न्यौपाने
शाखा अधिकृत

देहायः-

स्थानीय तहको नामः-

| क्र. सं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन गरिने | | लागत रुपैयाँ (हजारमा) सहभागिता | | | | | लाभान्वित संख्या | कार्यान्वयन गर्न लाग्ने समयावधि | अपेक्षित नतिजा | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | स्थान | संघ | प्रदेश | स्थानीय तह | अन्य | जम्मा | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

११. स्थानीय तहले आयोजना सिफारिस गर्दा आयोजना छनौट भएमा रकमान्तर वा संशोधनको लागि अनुरोध नगर्ने सम्बन्धमा कार्यपालिकाको निर्णयसहित देहाय बमोजिमको ढाँचाको प्रतिवद्धता पत्रमा हस्ताक्षर गरी सो समेत आयोजनाको सूची सँगै पेश गर्नुपर्नेछ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत।

मितिः

विषयः <u>प्रतिवद्धता गरिएको सम्बन्धमा।</u>

प्रस्तुत विषयमा आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि तहाँ कार्यालयबाट सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायको आयोजनाहरु छनौटका लागि सिफारिस गरिएको व्यहोरो अनुरोध छ। साथै उल्लेखित आयोजनाहरु संघ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट सञ्चालित वा सञ्चालन हुने आयोजनासँग दोहोरोपना नपरेको र नपर्ने, कार्यान्वयनयोग्य भएको, कार्यान्वयनमा कुनै विवाद नरहेको र कार्यान्वयनको तयारी पूरा भएको जानकारी गराउँदै तहाँ कार्यालयबाट उक्त आयोजना छनौट भइ बजेट विनियोजन भएपछी पुनः संशोधन वा रकमान्तर गर्न नपर्ने र सोको लागि अनुरोध समेत नगरिने प्रतिवद्धता व्यक्त गर्ने सम्बन्धमा मिति......................को यस ........................ गाउँ/नगर कार्यपालिकाको बैठकबाट निर्णय भएको व्यहोरा अनुरोध छ।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ..... | | | |

..................................... ...............................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख/ अध्यक्ष

युवराज न्यौपाने
शाखा अधिकृत